KHABARNAGARIK
www.khabarnagarik.com
E-paper
खबर नागरिक
KHABAR NAGARIK
खबर नागरिकको समाचार हाम्रो
KHABARNAGARIK
खबर नागरिक
KHABAR NAGARIK
खबर नागरिकको समाचार हाम्रो
www.khabarnagarik.com CLICK
Khabar Nagarik | खबर नागरिक | २०८२ पुस २८ गते सोमबार (Monday 12 Jan 2026) | www.khabarnagarik.com

## 'पवनकुमार सेठिया स्मृति क्रिकेट प्रतियोगिता'

# एकदिवसीय सिरिजमा आर्मीलाई हराउदै रुपन्देही–११ को क्लिनस्वीप

**खबर नागरिक**
भैरहवा।

रुपन्देही क्रिकेट संघको आयोजनामा भैरहवामा जारी 'पवनकुमार सेठिया स्मृति क्रिकेट प्रतियोगिता' अन्तर्गत एकदिवसीय सिरिज रुपन्देही-११ ले क्लिनस्वीप गरेको छ।

सिरिजको अन्तिम खेलमा आइतबार रुपन्देहीले त्रिभुवन आर्मी क्लब 'ए'लाई ८२ रनले हराउँदै सिरिज क्लिनस्वीप गरेको हो । रुपन्देहीले सिरिजको पहिलो खेल ८७ र दोस्रो खेल ४९ रनले जितेको थियो। यसअघि भएको दुई दिवसीय टेष्ट पनि रुपन्देहीले जितिसकेको छ।

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा भएको सिरिजको अन्तिम खेलमा टस जितेर ब्याटिङ गरेको रुपन्देहीले मौसमका कारण २८ ओभरमा छोट्याइएको खेलमा ७ विकेट गुमाएर १ सय ९१ रनको बलियो योगफल बनायो । उसका लागि अमर मिश्राले ३९, मिर्नाल गुरुङले ३१, देव खनालले २८, समीर अलीले २२, आकाश त्रिपाठीले १८, निश्चल ज्ञवालीले १६ र प्रज्वल थापाले १५ रनको योगदान गरे।

बलिङमा आर्मीका घनश्याम पाण्डेले २ तथा अनिश धामी,







कृष्णप्रसाद भट्टराई, पवन कार्की र जितेन्द्रसिंह ठकुरीले समान १-१ विकेट लिए । जवाफी ब्याटिङ गरेको आर्मी २४ ओभर ५ बलमा अलआउट हुँदै १ सय ९ रनमा सीमित रह्यो। उसका लागि अनिश धामीले २६, प्रेम गुरुङले २५, पवन कार्कीले २३ र जितेन्द्रसिंह ठकुरीले १२ रन बनाए। बलिङमा रुपन्देहीका सन्देश थापाले ४, देव खनालले २ तथा विप्रसन केसी, अजयकुमार चौहान र मिर्नाल गुरुङले १-१ विकेट लिन सफल भए।

खेलमा सन्देश थापा प्लेयर अफ द म्याच भई दुई हजार रुपैयाँ प्राप्त गरे।

नेपालमै पहिलोपटक तीनवटा फर्म्याटमा दुई टीमबीच प्रतिस्पर्धा भइरहेको हो । दुई दिवसीय टेष्ट र एकदिवसीय सिरिज सकिएसँगै अब टि-ट्वान्टी सिरिज हुने प्रतियोगिता संयोजक प्रथम पराजुलीले जानकारी दिए।

प्रतियोगितालाई भैरहवाका व्यवसायी हरिष सेठिया र सुनिल सेठियाले आफ्ना बुवा स्वर्गीय पवन कुमार सेठियाको स्मृतिमा मुख्य प्रायोजन गरेका छन्। प्रतियोगितामा विजेता टीमले ट्रफी, मेडल र प्रमाण पत्र प्राप्त गर्नेछन् । यस्तै, म्यान अफ द सिरिजले ५ हजार र प्रत्येक खेलको म्यान अफ द म्याचले २ हजार रुपैयाँ प्राप्त गर्ने छन् । यी दुबै पुरस्कार भैरहवाको लुम्बिनी नेत्रालय प्रालिले प्रायोजन गरेको छ।

**जनहितमा जारी सन्देश**

शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित भएकोले चिसोबाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ।

- बाक्लो तथा न्यानो लुगा लगाउने गरौ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौ।
- कोठा न्यानो पारौ र पर्याप्त हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं।
- बालबालिका, वृद्ध वृद्धा, गर्भवती महिला तथा दिर्घ रोगीहरुलाई चिसोबाट जोगाऔ।
- आमाको दुध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं।
- सुत्ने कोठामा आगो, हिटर, कोईला बाली झ्याल ढोका बन्द गरेर नबसौं।
- धुम्रपान तथा मदपानको सेवन नगरौं।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं।

अत्यावश्यक काम बाहेक राती र सधैरै (बिहान) को समयमा बाहिर हिड्डुल नगरौं।

**उमा अधिकारी** नगर उपप्रमुख
**जनक थापा** प्रमुख प्रशासकिय अधिकृत
**ईस्तियाक अहमद खाँ** नगर प्रमुख

**सिद्धार्थनगर नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
भैरहवा, रुपन्देही